# नेपाल स्काउट

## निर्वाचन समितिको कार्यालय

### लैनचौर, काठमाण्डौ

मितिः २०८०।१०।२३

**राष्ट्रिय परिषद निर्वाचनको लागि मनोनयन दर्ता गर्ने बारे अत्यन्त जरुरी सूचना।**

श्री राष्ट्रिय प्रशिक्षक, सहायक राष्ट्रिय प्रशिक्षक
तथा सम्पुर्ण स्काउटरहरु

प्रस्तुत विषयमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८०।१०।२३ गते, नेपाल स्काउट निर्वाचन समितिबाट मिति २०८० माघ ८ गते प्रकाशित निर्वाचन कार्यतालिका अनुसार नेपाल स्काउटको निर्वाचन प्रक्रिया नरोक्नु नरोकाउनु भनि अल्पकालिन अन्तरिम आदेश जारी भएकोले नेपाल स्काउट राष्ट्रिय परिषद सदस्य पदको निर्वाचनको लागि मनोनयन दर्ता तपशिल बमोजिमको मिति, समय, र स्थानमा हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ। मनोनयनपत्र साथ देहाय बमोजिमको कागजातहरु समेत संलग्न गर्नुपर्ने छ। साथै, प्रदेश परिषद सदस्य पदको निर्वाचनको मनोनयन दर्ताको हकमा सम्बन्धित प्रदेश कार्यलयहरुमा मनोनयन दर्ता हुने व्यहोरा समेत सूचित गरिन्छ।

**तपशिल**

मितिः २०८०।१०।२४ गते
समयः विहान ९(नौ) बजे देखि दिउँसो २(दुई) बजे सम्म
स्थानः नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालय, लैनचौर

**संलग्न गर्नुपर्ने कागजातहरु**

(क) नेपाली नागरिकको परिचय खुल्ने सरकारी कागजात वा प्रमाणित प्रतिलिपि
(ख) नेपाल स्काउट सदस्यता दर्ता पोर्टलबाट जारी भएको वारेन्ट कार्ड
(ग) धरौटी जमानत राखेको नगदी रसिद वा बैंक भौचर
(घ) रितपूर्वक भरिएको मनोनयन दर्ताको फारम
(ङ) रितपुर्वक भरिएको स्वघोषणाको फारम

राम प्रसाद भट्टराई
सदस्य सचिव
निर्वाचन समिति